# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, मंसिर १२ गते २०५९ साल (अतिरिक्ताङ्क ५६

## भाग २

श्री ५ को सरकार

कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको अध्यादेश नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना नेपाल अधिराज्यमा उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चिकित्सा विज्ञानको क्षेत्रमा उच्च शिक्षाको माध्यमबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्ष जनशक्तिको उत्पादन गर्न तथा चिकित्सा विज्ञान क्षेत्रमा अध्ययन अनुसन्धान गर्नको लागि राष्ट्रिय स्रोत केन्द्रको रुपमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको तत्काल स्थापना गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश २०५९" रहेकोछ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सम्झनु पर्छ।

(ख) "सभा" भन्नाले दफा ८ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(ग) "प्राज्ञिक परिषद" भन्नाले दफा १० बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(घ) "अस्पताल" भन्नाले दफा १२ बमोजिमको वीर अस्पताल सम्झनु पर्छ।

(ङ) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १२ को उपदफा (३) बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "सेवा आयोग" भन्नाले दफा १४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले दफा १५ बमोजिम नियुक्त प्रतिष्ठानको निर्देशक, डीन तथा रजिष्ट्रार सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना (१) नेपाल अधिराज्यमा उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चिकित्सा विज्ञानको क्षेत्रमा उच्च शिक्षाको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गर्न तथा चिकित्सा विज्ञान क्षेत्रमा अध्ययन अनुसन्धान गर्नको लागि राष्ट्रिय स्रोत केन्द्रको रुपमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ । प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिको लागि नेपाल अधिराज्यको अन्य स्थानमा समेत एकाई स्थापना गर्न सक्नेछ ।

(३) प्रतिष्ठानलाई अँग्रेजी भाषामा नेशनल एकेडेमी अफ मेडिकल साईन्स भनिनेछ ।

४ प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुने: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारवाहीका लागि यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको उद्देश्य: प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) नेपाल अधिराज्यमा उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ख) चिकित्सा विज्ञानको क्षेत्रमा उच्च शिक्षाको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गर्ने,

(ग) चिकित्सा विज्ञान क्षेत्रमा अध्ययन अनुसन्धान गर्नको लागि प्रतिष्ठानलाई एउटा राष्ट्रिय स्रोत केन्द्रको रुपमा विकास गर्ने ।

६ प्रतिष्ठानको स्वरुप: प्रतिष्ठानमा देहाय बमोजिमका अङ्गहरू रहनेछन् र तिनीहरूको सामूहिक रुपनै प्रतिष्ठानको स्वरुप हुनेछः-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) अस्पताल व्यवस्थापन समिति,

(घ) सेवा आयोग ।

७ प्रतिष्ठानको काम, कर्तव्य तथा अधिकार: (१) नेपाल अधिराज्यमा सर्वसाधारण नागरिकलाई उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, सोको लागि चिकित्सा विज्ञानको क्षेत्रमा उच्च शिक्षाको माध्यमबाट दक्ष जनशक्तिको विकास गर्ने तथा प्रतिष्ठानलाई चिकित्सा विज्ञानको क्षेत्रमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा विकास गर्नु प्रतिष्ठानको काम, कर्तव्य तथा अधिकार हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको अङ्गहरू मार्फत प्रयोग र पालना हुनेछन् ।

८. सभा: (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एउटा सभा रहनेछ ।

(२) सभामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :-

(क) स्वास्थ्य मन्त्री । राज्य मन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(ग) वीर अस्पताल रहेको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य - सदस्य

(घ) सभापति, प्रतिनिधिसभा, जनसँख्या तथा सामाजिक समिति - सदस्य

(ङ) प्रमुख, काठमाण्डौ महानगरपालिका - सदस्य

(च) सचिव, स्वास्थ्य मन्त्रालय - सदस्य

(छ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ज) सचिव, अर्थ मन्त्रालय - सदस्य

(झ) प्राज्ञिक परिषद्को सिफारिशमा सभाबाट मनोनित विश्वविद्यालयको उपकूलपतिहरू दुईजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ञ) प्रतिष्ठानको डीन - सदस्य

(ट) प्रतिष्ठानको रजिष्ट्रार - सदस्य

(ठ) अस्पतालको सुपरिटेण्डेण्ट - सदस्य

(ड) अध्यक्ष, सेवा आयोग - सदस्य

(ढ) निर्देशक, कान्तिबाल अस्पताल - सदस्य

(ण) निर्देशक, परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसूति गृह - सदस्य

(त) निर्देशक, नेपाल आँखा अस्पताल - सदस्य

(थ) सुपरिटेण्डेण्ट, मानसिक अस्पताल - सदस्य

(द) चिकित्सक प्रतिनिधि, वीरेन्द्र सैनिक अस्पताल - सदस्य

(ध) पाँचै विकास क्षेत्रको क्षेत्रीय अस्पतालको निर्देशक मध्ये पालै पालोको क्रमानुसार श्री ५ को सरकारले तोकेको निर्देशक - सदस्य

(न) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - सदस्य

(प) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य

(फ) अध्यक्ष, नेपाल मेडिकल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एशोसियशन - सदस्य

(ब) स्वास्थ्य बैज्ञानिकहरू मध्येबाट प्राज्ञिक परिषद्को सिफारिशमा सभाबाट मनोनीत व्यक्ति एकजना - सदस्य

(भ) प्रतिष्ठानका शिक्षकहरूमध्ये परिषद्बाट मनोनित शिक्षक दुईजना -सदस्य

(म) प्रतिष्ठित विद्वान, समाजसेवी, उद्योगपति तथा व्यापारीहरू मध्येबाट प्राज्ञिक परिषद्को सिफारिशमा सभाको अध्यक्षद्वारा मनोनीत दुईजना -सदस्य

(य) प्रतिष्ठानको निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ), (ध), (ब) (भ) र (म) बमोजिम मनोनित सदस्यको पदावधि दुईवर्षको हुनेछ ।

(४) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) सभाको अध्यक्ष तथा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

९. <u>सभाको काम, कर्तव्य र अधिकार</u>: सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, योजना र कार्यक्रम स्वीकृत गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिष्ठानको नियम तथा विनियम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको बजेट स्वीकृत गर्ने,

(घ) प्राज्ञिक परिषद्को सिफारिशमा उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने ।

१० <u>प्राज्ञिक परिषद्</u>: (१) प्रतिष्ठानको प्राज्ञिक काम कारवाई सञ्चालन, रेखदेख, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्य रहेको एक प्राज्ञिक परिषद रहनेछ :-

(क) निर्देशक - अध्यक्ष

(ख) डीन - सदस्य

(ग) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय, - सदस्य

(घ) प्रतिनिधि, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ङ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य

(च) तोकिए बमोजिमको शैक्षिक योग्यता पुगेको प्रतिष्ठानका शिक्षकहरू मध्येबाट निर्देशकले मनोनयन गरेको शिक्षक पाँचजना - सदस्य

(छ) रजिष्ट्रार - सदस्य-सचिव

(२) प्रतिष्ठानको शिक्षक नियुक्त नभईसकेको अवस्थामा चिकित्सा विज्ञानमा अध्यापन गर्ने शिक्षकहरू मध्येबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०२०

निर्देशकले मनोनयन गरेको शिक्षकले उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको हैसियतले प्राज्ञिक परिषद्मा प्रतिनिधित्व गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) प्राज्ञिक परिषद्को अध्यक्ष तथा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

११ <u>प्राज्ञिक परिषदको काम, कर्तव्य र अधिकार</u>: यो अध्यादेश तथा यस अध्यादेश अन्तरगत बनेका नियम तथा विनियममा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही प्राज्ञिक परिषद्ले देहाय बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न सक्नेछ:-

(क) चिकित्सा विज्ञान र सोसँग सम्बन्धित विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्ने अध्यापन, तालीम तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने,

(ख) स्वदेशी तथा विदेशी विश्वविद्यालय, चिकित्सा विज्ञानसँग सम्बन्धित अध्ययन संस्था तथा अस्पतालसँग आवद्ध रही अध्यापन, तालीम तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने,

(ग) पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने,

(घ) विद्यार्थी तथा सहभागीको छनौट गर्ने,

(ङ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(च) परीक्षामा सफल हुनेलाई सम्बन्धित शैक्षिक योग्यताको उपाधि तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०२९

प्रमाणपत्र प्रदान गर्न सभामा सिफारिश गर्ने,

(छ) परीक्षामा उत्कृष्ट श्रेणीमा सफल हुनेलाई पुरस्कार तथा पदक प्रदान गर्न सभामा सिफारिश गर्ने,

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिकित्सा विज्ञानसंग सम्बन्धित क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउनेलाई पुरस्कार, पदक तथा मानार्थ उपाधि प्रदान गर्न सभामा सिफारिश गर्ने,

(झ) प्रतिष्ठानद्वारा सञ्चालित अध्ययन, तालीम तथा अनुसन्धानमा उत्कृष्ट व्यक्ति तथा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने,

(ञ) प्राज्ञिक परिषदको वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना, कार्यक्रम बजेट, नियम तथा विनियमको मसौदा तर्जुमा गरी स्वीकृतीको लागि सभामा पेश गर्ने,

(ट) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ठ) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने गराउने,

(ड) सभाले तोके बमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने ।

१२ <u>अस्पताल</u>: (१) वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ बमोजिम सञ्चालन भैरहेको वीर अस्पताल यो अध्यादेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रारम्भ भएपछि प्रतिष्ठानको अङ्गको रुपमा परिणत भई सञ्चालन हुनेछ ।

(२) श्री ५ को सरकारले वीर अस्पताललाई सालवसाली रुपमा उपलब्ध गराउँदै आएको अनुदान रकम प्रतिष्ठान मार्फत उपलब्ध गराउनेछ ।

(३) अस्पताल व्यवस्थापन गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरू रहेको अस्पताल व्यवस्थापन समितिको गठन गरिएकोछ:-

(क) निर्देशक - अध्यक्ष

(ख) अस्पतालका विभाग वा युनिटका प्रमुखहरू मध्येबाट निर्देशकबाट मनोनित ६ जना शिक्षक - सदस्य

(ग) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय - सदस्य

(घ) अस्पतालको मेट्रोन - सदस्य

(ङ) प्रतिनिधि, काठमाण्डौ महानगरपालिका - सदस्य

(च) अस्पतालको सुपरिटेण्डेण्ट -सदस्य-सचिव

(४) अस्पताल व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

१३ <u>अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार:</u> अस्पताल व्यवस्थापन समितिले अस्पताल व्यवस्थापनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सन्दर्भमा देहाय बमोजिमको काम, कर्तव्य तथा अधिकारको प्रयोग तथा पालना गर्नेछः-

(क) रोगको रोकथाम, निदान तथा उपचारको लागि स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ख) अस्पतालको वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना, कार्यक्रम बजेट तथा नियम विनियमको मसौदा तर्जुमा गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) अस्पतालले पुऱ्याउने स्वास्थ्य सेवा बापतको सेवा शुल्क निर्धारण गर्ने तथा असुल उपर गर्ने,

(घ) सभाबाट स्वीकृत अस्पताल व्यवस्थापन समितिसँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने गराउने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालित अध्यापन, तालीम तथा अनुसन्धान कार्यक्रमको विद्यार्थी तथा सहभागीलाई प्राज्ञिक परिषद्को निर्णय बमोजिम अस्पतालमा उपयोग गराउने,

(च) अस्पतालको उद्देश्य प्राप्तीको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

१४ सेवा आयोग: (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको पदमा स्थायी नियुक्ति र निजहरू उपर विभागीय कारवाहीको माध्यमबाट भविष्यमा प्रतिष्ठानको सेवाबाट अयोग्य नठहरिने गरी सेवाबाट हटाउने वा भविष्यमा प्रतिष्ठानको सेवाबाट अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने सिफारिश गर्ने प्रयोजनको लागि एक सेवा आयोगको गठन हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०२४

(२) सेवा आयोगमा एकजना अध्यक्ष र दुईजना सदस्य रहनेछन् ।

(३) श्री ५ को सरकारले चिकित्सा विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरेको र कम्तीमा पच्चीस वर्ष काम गरेका व्यक्तिहरू मध्येबाट सेवा आयोगको अध्यक्ष र कानून, व्यवस्थापन वा प्रशासनको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरेको व्यक्तिहरू मध्येबाट सदस्य पदमा नियुक्त गर्नेछ ।

(४) सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्त गर्दा दफा १५ को उपदफा (३) बमोजिम गठित समितिको सिफारिशमा नियुक्त गरिनेछ ।

(५) सेवा आयोगको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) सेवा आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(७) सेवा आयोगको अध्यक्ष तथा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## प्रतिष्ठानको पदाधिकारी, शिक्षक तथा कर्मचारी

१५ पदाधिकारी: (१) पदाधिकारी प्रतिष्ठानमा पूरा समय काम गर्ने वैतनिक हुनेछन् र निजहरूको पदावधि चारवर्षको हुनेछ ।

(२) श्री ५ को सरकारले उपदफा (३) बमोजिमको समितिको सिफारिशमा पदाधिकारीको नियुक्ति गर्नेछ ।

(३) पदाधिकारीको पदमा नियुक्तिको लागि सिफारिश गर्न देहाय बमोजिमको संयोजक तथा सदस्यहरू रहेको एक समिति रहनेछ:-

(क) सचिव, स्वास्थ्य मन्त्रालय - संयोजक

(ख) सचिव, शिक्षा तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२५

खेलकुद मन्त्रालय - सदस्य

(ग) तत्काल निवृत्त सम्बन्धित पदाधिकारी - सदस्य

(४) यो अध्यादेश प्रारम्भ भएपछि पहिलो पटकको पदाधिकारी निवृत्त नभएसम्मको लागि र दफा १६ बमोजिम कुनै पदाधिकारी पदबाट हटाईएको अवस्थामा उपदफा (३) को खण्ड (ग) बमोजिमको सदस्यको प्रतिनिधित्व श्री ५ को सरकारले तोकेको व्यक्तिले गर्नेछ ।

(५) चिकित्सा शास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको र चिकित्सा विज्ञानमा अध्यापन तथा सेवा गरी कूल दश, सात र पाँचवर्षको अनुभव भएका व्यक्तिहरू मध्येबाट उपदफा (३) बमोजिमको समितिले क्रमशः निर्देशक, डीन र रजिष्ट्रार पदमा नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ ।

(६) पदाधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) पदाधिकारीको परिश्रमिक, सेवाको शर्त तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. <u>पदबाट हटाउने</u>: (१) पदाधिकारीले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको आरोप लागेको अवस्थामा दफा १५ को उपदफा (३) बमोजिमको समितिले सो सम्बन्धमा जाँचबुझ गरी आफ्नो प्रतिवेदन सभामा पेश गर्नेछ र सो प्रतिवेदन उपर छलफल हुँदा पदाधिकारीले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको भन्ने प्रस्ताव पारित भएमा श्री ५ को सरकारले त्यस्तो पदाधिकारीलाई पदबाट हटाउनेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा आरोप लागेको पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. प्रतिष्ठानको शिक्षक तथा कर्मचारी: (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन् ।

(२) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको पारिश्रमिक, सेवाका अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

१८ प्रतिष्ठानको कोष: (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शैक्षिक शुल्क तथा स्वास्थ्य सेवा उपलब्ध गराए बापत प्रतिष्ठानले प्राप्त गरेको रकम,

(ग) कुनै विदेशी सरकार वा संस्थाबाट प्राप्त अनुदान वा ऋण रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्नु पूर्व श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानद्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिनेछ ।

१९ लेखा र लेखा परीक्षण: (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५

## विविध

२० उपाधि तथा प्रमाणपत्रको मान्यता: प्रतिष्ठानबाट प्रदान गरिएका शैक्षिक योग्यताको उपाधि तथा प्रमाणपत्रलाई प्रचलित कानून बमोजिम स्थापना भएको व्यावसायिक परिषद्‌बाट मान्यता प्रदान गरिनेछ ।

२१ श्री ५ को सरकारको राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप कार्य गर्नु पर्ने: (१) प्रतिष्ठानले यो अध्यादेश बमोजिमको कार्य सम्पादन गर्दा श्री ५ को सरकारबाट स्वीकृत राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति अनुरुप कार्य सम्पादन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक श्री ५ को सरकारले नीतिगत विषयमा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

२२. वार्षिक प्रतिवेदन: (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आफूले सम्पन्न गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले एक वर्षभित्र सम्पादन गरेका कामको संक्षिप्त विवरण, प्रतिष्ठानको उपलब्धि र भावी रणनीति तथा कार्यक्रम र आर्थिक स्थिति सम्बन्धी विवरण उल्लेख गर्नु पर्नेछ ।

२३. काम कारवाही अवैध नमानिने: प्रतिष्ठानको कुनै अङ्गको सदस्यको स्थान रिक्त भै काम कारवाही भएको रहेछ भने सोही कारणले मात्र त्यस्तो काम कारवाही अवैध भएको मानिने छैन ।

२४. समिति गठन गर्न सक्ने: प्रतिष्ठानको कुनै अङ्गले यो अध्यादेश अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूले सम्पादन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पर्ने काम सम्पादन गर्न विशेषज्ञहरू समेत रहेको समिति गठन गर्न सक्नेछ ।

२५ अधिकार प्रत्यायोजन: प्रतिष्ठानको कुनै अङ्गले यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार दफा २४ बमोजिम गठित समिति वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. श्री ५ को सरकारसंग सम्पर्क: प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्नु पर्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२७. नियम तथा विनियम बनाउने अधिकार: यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न सभाले आवश्यक नियम तथा विनियमहरू बनाउन सक्नेछ ।

२८. खारेजी तथा बचाउ: (१) वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ खारेज गरिएको छ र सो आदेश बमोजिम गठित वीर अस्पताल विकास समितिको सम्पूर्ण चल अचल सम्पत्ति तथा हक र दायित्व प्रतिष्ठानमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम गठीत वीर अस्पताल विकास समितिसँग भए गरेका ठेक्का, पट्टा तथा सम्झौता प्रतिष्ठानसँग भए गरेको मानिनेछ र सो समितिबाट भए गरेका सम्पूर्ण काम कारवाही प्रतिष्ठानबाट भए गरेको मानिनेछ ।

(३) वीर अस्पताल विकास समितिमा बहाल रहेका कर्मचारीहरूको सेवा यसै अध्यादेश बमोजिम गठित प्रतिष्ठानको सेवामा स्थानान्तरण हुनेछ ।

लालमोहर सदर मिति २०५९ ।८। १२ । ५

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9023